
# लेखापरीक्षण प्रतिवेदन

# त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/541

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
त्रिपुरासुन्दरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियतसहितको राय**

हामीले त्रिपुरासुन्दरी नगरपालिका, डोल्पाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण लगायतको रु. ५ करोड २ लाख ३१ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब १ करोड ३९ लाख ९२ हजारको लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ५६ लाख १५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भै रु. २ लाख ६ हजार फस्योंट भएकाले रु. ३ करोड ५४ लाख ९ हजार बेरुजु कायम भएको छ । बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १८ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ३६ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. ९२ लाख २२ हजार र पेस्की बाँकी रु. ६ लाख २५ हजार रहेको छ। गत वर्षसम्म रु. २६ करोड १० लाख ४० हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.२ करोड २९ लाख ५२ हजार फस्योंट भई यस वर्षको रु. ३ करोड ५४ लाख ९ हजार बेरुजु थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु. २७ करोड ३४ लाख ९७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्रिपुरासुन्दरी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो त्रिपुरासुन्दरी नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी त्रिपुरासुन्दरी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

#### चालु आर्थिक वर्षको

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ९५ | ३,५६,१५,४४४ | ० | २ | २,०५,८८५ | ० | ५७ | ९३ | ३,५४,०९,५६० | १८,७६,६१८ | ९२,२२,४४२ | २,३६,८४,६१० | ० | ० | ३,२९,०७,०५२ | ६,२५,८८८ |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | २६,१०,४०,००० | ० | २,२९,५१,६३८ | २३,८०,८८,३६२ | ० | ३,५४,०९,५६० | २७,३४,९७,९२२ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | विभिन्न | कानुनी सल्लाहकार | ३,००,००० |
| २ | २०७७/७८ | विभिन्न | शिर्षक फरक पारी खर्चः | २०,७५,३४९ |
| ३ | २०७७/७८ | विभिन्न | शशर्त शिक्षा बजेटको मर्मत सम्भार कट्टा : | ४५,००० |
| ४ | २०७८/७९ | विभिन्न | धरौटी कट्टी नगरेकोः | ११,१६,२८७ |
| ५ | २०७८/७९ | विभिन्न | जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः | ७,७५,२०० |
| ६ | २०७९/८० | विभिन्न | छात्रवृत्तिः | २,४०,००० |
| ७ | २०७९/८० | विभिन्न | २ महिने वेसिक कम्प्युटर तालिम | २,००,००० |
| ८ | २०७९/८० | विभिन्न | स्याउ खेती विस्तार कार्यक्रम | १३,६९,६२० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | विभिन्न | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता | ४१,१९,७६१ |
| १० | २०७९/८० | विभिन्न | शिर्षक फरक पारी खर्च लेखेकोः | २१,९८,१०८ |
| ११ | २०७९/८० | विभिन्न | वृत्त चित्र निर्माणः | ४,००,००० |
| १२ | २०७९/८० | विभिन्न | वडाबाट सम्झौताः | १,५०,००० |
| १३ | २०७९/८० | विभिन्न | नाफामूलक संस्थालाई अनुदानः | ४,४७,९७६ |
| १४ | २०८०/८१ | १३.१ | शिक्षा तर्फ - प्रती विद्यार्थी लागत | १,०३,४७५ |
| १५ | २०८०/८१ | १०.6 | जिन्सी दाखिला | १,०२,४१० |
| १६ | २०७६/७७ | ४३ | गत वर्षको भुक्तानी | ८३,८९,३३८ |
| १७ | २०७६/७७ | ४४ | फरक शिर्षक | ११,२५,००० |
| | | | **जम्मा** | **२,३१,५७,५२३** |

# (८०६६१४०२३०० - त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस त्रिपुरासुन्दरी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वटा वडा, ५८ वटा सभा सदस्य, ३९३.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा १२३३३ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२ देखि २०८१।५।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा नगरप्रमुख, उप-प्रमुख, कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय - व्यय तर्फ रु.१ अर्ब १ करोड ३९ लाख ९२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त रकमको विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा कार्यक्रम संचालन खर्च भुक्तानीमा कट्टा भई दाखिला गर्न बाँकी रकम रु.३२,८३०/- असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण -**

२.१ **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७,२०,२९,४३३.१५ | ७,२०,२९,४३३.१५ | ७,४५,१९,२३७.७६ | ७,४५,१९,२३७.७६ |
| १३००० | अनुदान | ३८,२५,५९,९५४.११ | ३८,२५,५९,९५४.११ | ४१,२२,८५,९५१.६० | ४१,२२,८५,९५१.६० |
| १४००० | अन्य राजस्व | ३७,८४,१५४.३२ | ३७,८४,१५४.३२ | ७९,९०,०८६.०० | ७९,९०,०८६.०० |
| १५००० | विविध प्राप्ति | ४,६६,१७०.०० | ४,६६,१७०.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ४५,८८,३९,७११.५८ | ४५,८८,३९,७११.५८ | ४९,४७,९५,२७५.३६ | ४९,४७,९५,२७५.३६ |
| ३ | चालु | ३३,६०,१९,२६५.०९ | ३३,६०,१९,२६५.०९ | ३५,०२,०५,३१३.४२ | ३५,०२,०५,३१३.४२ |
| २१००० | पारिश्रमिक / सुविधा | २१,३९,२३,७४९.०२ | २१,३९,२३,७४९.०२ | २१,७८,४७,६३९.४२ | २१,७८,४७,६३९.४२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,९१,६७,६९३.३२ | ८,९१,६७,६९३.३२ | १०,१०,०८,२३५.०० | १०,१०,०८,२३५.०० |
| २५००० | सहायता (Subsidy) | २,२९,६९,५३९.२५ | २,२९,६९,५३९.२५ | १,०७,९८,३१६.०० | १,०७,९८,३१६.०० |
| २६००० | अनुदान | १९,६३,६१९.०० | १९,६३,६१९.०० | २७,३५,०००.०० | २७,३५,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ६५,३४,६६४.५० | ६५,३४,६६४.५० | १,४८,३६,७८३.०० | १,४८,३६,७८३.०० |
| २८००० | अन्य खर्च | १४,६०,०००.०० | १४,६०,०००.०० | २९,७९,३४०.०० | २९,७९,३४०.०० |
| ४ | पूंजीगत | १२,४९,५९,०३४.६३ | १२,४९,५९,०३४.६३ | १५,०५,९८,४८१.०० | १५,०५,९८,४८१.०० |
| ३१११० | भवन तथा संरचना | १,७५,६५,१६०.६३ | १,७५,६५,१६०.६३ | ४,९६,३१,७२२.०० | ४,९६,३१,७२२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,४२,४२,२५४.०० | १,४२,४२,२५४.०० | ४३,७१,१२६.०० | ४३,७१,१२६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २५,३५,४००.०० | २५,३५,४००.०० | १९,७१,६९०.०० | १९,७१,६९०.०० |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | ४,४७,२७०.०० | ४,४७,२७०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,०६,१६,२२०.०० | ९,०६,१६,२२०.०० | ८,७३,०९,७००.०० | ८,७३,०९,७००.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | १६,००,०००.०० | १६,००,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ३८,७०,२२३.०० | ३८,७०,२२३.०० |
| ३१४४० | अपृष्य सम्पत्ती प्राप्ती खर्च | ० | ० | १३,९६,७५०.०० | १३,९६,७५०.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४६,०९,७८,२९९.७२ | ४६,०९,७८,२९९.७२ | ५०,०८,०३,७९४.४२ | ५०,०८,०३,७९४.४२ |
| ग) | बचत /कमी (ग = क-ख | (२१,३८,५८८.१४) | (२१,३८,५८८.१४) | (६०,०८,५१९.०६) | (६०,०८,५१९.०६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ८,४३,९९१.०० | ८,४३,९९१.०० | (४९,९९,९५४.९९) | (४९,९९,९५४.९९) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (३,०२,२२९.७५) | (३,०२,२२९.७५) | (४,५६,३३८.२०) | (४,५६,३३८.२०) |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१२,९४,५९७.१४) | (१२,९४,५९७.१४) | (१,१०,०८,४७४.०५) | (१,१०,०८,४७४.०५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १,०२,२३,८४३.०५ | १,०२,२३,८४३.०५ | १,२४,६८,६२०.७३ | १,२४,६८,६२०.७३ |
| छ) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८९,२९,२४५.९१ | ८९,२९,२४५.९१ | १४,६०,१४६.६८ | १४,६०,१४६.६८ |

२.२ **आर्थिक विवरणको विश्लेशण**

• पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार पालिकाको संचित कोषमा अन्तिम मौज्दात बैंकमा रु.३१,३५,३८१/- रहेको देखिन्छ भने श्रेष्तामा मौज्दात (म.ले.प.फा.नं. २७०) रु.८९,२९,२४५.९१/- देखिन्छ । उक्त विवरण अनुसार पालिकाको बैंकमा श्रेष्तामा भन्दा रु.५७,९३,८६२.९१/- कम रहेको देखिन्छ । फरक रकम रु.५७,९३,८६४.९१/- आर्थिक वर्ष २०७६।७७ देखि हाल सम्मको गत वर्षको मौज्दात भौचर नं. १४३-२०८१।३।२१ मा भुलवस आम्दानी बाँधिएकोले बैक मौज्दात फरक परेको तथा अ.ल्यामा फरक पर्न गएको पालिकाले जनाएको छ । उक्त फरक रकमको हिसाब मिलान गर्नुपर्दछ ।

• वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) गत आर्थिक वर्षमा बैंकमा मौज्दात रु.१,२९,१०,२७३/- रहेकोमा यस वर्षमा रु.१,०२,२३,८४३/- जिम्मेवारी सारेको देखिन्छ । पालिकाकोगत वर्षको मौज्दात भन्दा रु.२६,८६,४३०/- कम मौज्दात सारेको देखिन्छ । उक्त फरक मौज्दात पालिकाले चेक साट्न बाँकीको कारणले फरक पर्न गएको भनाइ छ ।

• म.ले.प.फा.नं. २७० अनुसार जम्मा बजेट रु.४६,०९,७८,२९९/- तथा CGAS तर्फ रु.५,०२,३१,०७०/- गरी जम्मा पालिकाको बजेट रु. ५१,१२,०९,३६९/- रहेको देखिन्छ। म.ले.प.फा.नं. २७० मा CGAS तर्फको बजेट समावेश भएको छैन ।

• नगरपालिकाको आन्तरिक आय वापत रु.३१,३६,३८२.२९/- राजस्व खातामा दाखिला नगरी कार्यसञ्चालन कोषमा आम्दानी बाधि सो कोषबाट सोझै खर्च गरेको देखियो ।

माथि उल्लेखित वित्तीय विवरणमा देखिएका व्यहोराहरुमा सुधार गरी यथार्थ वित्तीय विवरण बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२.३ **कर दायित्व** – स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसार वर्षान्तको अन्त्यमा रु.३,०२,२२९/- कर दायित्व बाँकी देखिन्छ । एकिन भइसकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म दाखिला भएको देखिएन । पालिकाले एकिन भइसकेको कर दायित्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०२,२२९ |

२.४ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार बहुबर्षिय खरिद वा विशेष परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ३९(१३) अनुसार उचित आधार र पर्याप्त कारण सहित त्यस्तो रकम तोकिएको ढाँचामा प्रमाणित गरी राख्नुपर्ने उल्लेख छ । तर पालिकाले नियमित प्रकृतिका खर्च समेत दायित्व सार्दै नगरसभाको निर्णयका आधारमा गत वर्षको भुक्तानी बाँकी रकम बजेटमा समावेश गरी यस वर्ष २१ योजनाको रु.५० लाख भुक्तानी गरेको छ । त्यसैले अत्यावश्यक बाहेक अन्य खर्चहरुको भुक्तानी दायित्व सार्ने प्रवृत्तिमा सुधार हुनुपर्ने देखिन्छ ।

२.५ **बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । नगरपालिकाको यस

आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी |
|---|---|---|
| चालु खर्च खाता | ७३७४२१.३२ | ७३७४२१.३२ |
| पूँजीगत खर्च खाता | ४३३८८०.२९ | ४३३८८०.२९ |
| धरौटी | २०७६५८०.६५ | २०७६५८०.६५ |
| **जम्म** | ३१४७८८२.२६ | **३१४७८८२.२६** |

उपरोक्त विवरण अनुसार नगरपालिकाको श्रेष्ता र बैंक स्टेटमेण्ट अनुसार रु.३१,४७,८८२.२६/- बाँकी रहेको देखियो ।

३ **आन्तरिक नियन्त्रण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको ।

• वडागत रुपमा जिन्सी खाता रहेको तथा सम्पूर्ण पालिकाको एकिकृत जिन्सी खाता नराखेको ।

• कर्मचारीहरुले सम्बन्धित वडा/पालिका भित्र भ्रमण गरेको जनाई ७ दिन सम्मको दैनिक भ्रमण भत्ता भुक्तानी लिने गरेको ।

• स्पष्ट उद्देश्य र प्रयोजन नखुलाई कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण आदेश स्वीकृत हुने गरेको ।

• भ्रमण अभिलेख खाता नरहेको तथा भ्रमण प्रतिवेदन बेगर भ्रमण भत्ता भुक्तानी हुने गरेको ।

• पालिकाबाट भएका कतिपय खाजा, खाना तथा विविध खर्चलाई पुष्टि हुने गरी अद्यावधिक रुपमा स्रेस्ता कागजात तयार नगरेको ।

• पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।

• तोकिए बमोजिम भवन संहिताको कार्यान्वयन र त्यसको नियमन नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई कार्यसम्पादन स्थिति सुधारमा ध्यान दिनुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम -**

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप प्रमुखले मिति २०८०।३।२९ गते रु. ५२,०५,८९,४९५/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।४।1 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।नगरपालिकाले ऐनमा भएको व्यवस्था बमोजिम समयमा समयमै बजेट पेश गरी पारित गर्नुपर्दछ ।

४.२ **बजेट विनियोजन** - आर्थिक वर्ष २०८०।८१ को नगरपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट रु. | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५२०५८९४९५ | ३६,६२,०४,५५० | ७० | १५,४३,८४,९४५ | ३० |

उक्त विवरण अनुसार नगरपालिकाको यस आर्थिक वर्षमा कुल रु.५२ करोड ५ लाख ८९ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ३६ करोड ६२ लाख ४ हजार र पूँजीगत तर्फ रु.१५ करोड ४३ लाख ८४ हजार बजेट विनियोजन भएको छ ।

४.३ **बजेट तथा पूँजीगत खर्च** - नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | पूँजीगत बजेट रु. | पूँजीगत खर्च रु. | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | १५,४३,८४,९४५.० | १२,४९,५९,०३४.६३ | ८०.९३ |

नगरपालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१५ करोड ४३ लाख ८४ हजार विनियोजन गरेकोमा रु.१२ करोड ४९ लाख ५९ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८०.९३ प्रतिशत हुन आउँछ ।

४.४ **बजेट तथा चालु खर्च** - नगरपालिका हरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी देहाय वमोजिम बजेट विनियोजन गरेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट रु. | चालु खर्च रु. | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३६,६२,०४,५५० | ३३,६०,६७,३९२.८४ | ९१.७७ |

नगरपालिकाले यस वर्ष चालु तर्फ रु.३६ करोड ६२ लाख ०४ हजार विनियोजन गरेकोमा रु.३३ करोड ६० लाख ६७ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ९१.७७ प्रतिशत हुन आउँछ ।

४.५ **अबण्डा बजेट** - नगरपालिकाले यस वर्ष मेयरसँग जनता कार्यक्रम तथा विविध आयोजनाहरुको निर्माण तथा मर्मत गरी कुल रु.५५,००,००० बजेट अबण्डा राखी कार्यपालिका र नगरप्रमुखको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अबण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनाहरुमा कार्यपालिका र नगरप्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४.६ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
(रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक पूँजीगत बजेट रु. | खर्च रकम रु. | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | १,५४,५१० | १८,८०६ | १२.१७ |
| खानेपानी तथा सरसफाई | | ४५,५४६ | २९.४८ |
| भवन निर्माण | | ४९,१२५ | ३१.७९ |
| सम्पदा पूर्वाधार | | ९,४२३ | ६.०९ |
| जम्मा | | १,२२,९०० | ७९ |

उपरोक्त विवरण अनुसार नगर पालिकाले पूँजीगत बजेट रु.१५ करोड ४५ लाख १० हजार लेखेकोमा सडक निर्माण तथा मर्मतमा रु. १ करोड ८८ लाख ६ हजार, खानेपानी तथा सरसफाईमा रु.४ करोड ५५ लाख ४६ हजार प्रतिशत, भवन निर्माणमा रु.४ करोड ९१ लाख २५ हजार प्रतिशत र सम्पदा पूर्वाधारमा रु.९४ लाख २३ हजार बजेट खर्च भएको देखिन्छ ।

४.७ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौँमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | |
| १ | संघीय पूँजीगत | ३९४५६११२ | १४७७९८५ | १३३८१२९९ | २४५९६८२८ | २१२७१७०५ |
| २ | प्रदेश पूँजीगत | ३९४४५९८१ | ० | ९६२२१२५ | २९८२३८५६ | १५५५०३५७ |
| ३ | नगरपालिका पूँजीगत | ४६०५६९४१ | ९५९२१४७ | १७९८२२७१ | १८४८२५२३ | १४१०५२६ |
| कूल खर्च | | १२४९५९०३४ | ११०७०१३२ | ४०९८५६९५ | ७२९०३२०७ | ३८२३२५८८ |
| खर्च प्रतिशत | | | ८.८६ | ३२.८ | ५८.३४ | ३१ |

उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ५८.३४ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा ३१ प्रतिशत खर्च भएको देखिन्छ।त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी तेस्रो चौँमासिकमा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

## ५ सेवा प्रवाह -

५.१ **सेवाप्रवाहको स्थिति -** नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा ४०१ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | २९३ |
| मृत्यु दर्ता | ६१ |
| बसाईसराई दर्ता | ११ |
| विवाह दर्ता | ३६ |
| सम्बन्ध विच्छेद दर्ता | ० |
| **जम्मा** | **४०१** |

५.२ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारबाही भएका विवाद | फछ्र्यौट/कारबाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २० | ४ | २४ | २२ | २ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.३ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १४ |
| २. | नियमावली | ४ |
| ३. | कार्यविधि तथा निर्देशिका | १० |
| | **जम्मा** | **२८** |

नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ सम्म १४ ऐन, ४ नियमावली र १० कार्यविधि तथा निर्देशिका गरी जम्मा २८ वटा कानुन निर्माण गरेको छ ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

६.१ **दरबन्दी र पदपूर्ती** - पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत १, लेखा अधिकृत १, आलेप १ लगायतका १७ पदहरू रिक्त देखिन्छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६.२ **तलबी प्रतिवेदन** - नगरपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ६० जना स्थायी कर्मचारीलाई रु.३,८७,००,०००/- तलब भुक्तानी गरेको छ, भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तलबी प्रतिवेदन पारित गरेको छैन । त्यसैले पालिकामा कार्यरत स्थायी कर्मचारीको तलबी प्रतिवेदन पारित गरे पश्चात मात्र तलब भत्ता भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहाय बमोजिमको संघीय सशर्त अनुदान रु.१ करोड ५८ लाख ५१ हजार फिर्ता गरेको छ ।

(रु. हजारमा)

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता |
|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | २२७२२८ | २१३०२७ | १४२०१ |
| | विषेश | ३८४८ | ३७०५ | १४३ |
| | समपुरक | १४१२ | १००१ | ४११ |
| **प्रदेश सरकार** | सशर्त | ३८१५५ | ३७९५३ | २०२ |
| | विशेष | ० | ० | ० |
| | समपुरक | ३६७५ | २७८१ | ८९४ |
| | **जम्मा** | **२७४३२१** | **२५८४६९** | **१५८५१** |

८ **योजना तर्जुमा र कार्यान्वायन तर्फ** -

८.१ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगर पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ३ | १९५००० |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | २३ | ६९०४०८३.०२ |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ६ | २४९१८५१.६३ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | २९ | २३१८६८९६.९५ |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | २२ | ४२०५३६७५ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | ६ | २७३२०६७२.१८ |
| **जम्मा** | | **८९** | **१०२१५२१७७** |

नगरपालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ **सडक निर्माण** - नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.स** | **योजनाको नाम** | **ईकाई** | **२०७९/८० सम्मको स्थिति** | **२०८०।८१ मा थप** |
|---|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | 0 | ० |
| २. | ग्रावेल | घन मि | 0 | ० |
| ३. | नयाँ ट्र्याक | कि.मि. | - | ५.५ |

८.३ ठेक्का बन्दोवस्त - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः (रु. हजारमा)

| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | ४ | ३०,२५६ | ० | ० | २ | ५,६५३ | २ | २४,६०२ | ० | ० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रु.३ करोड २ लाख ५६ हजार लागतको ठेक्का वन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु.५३ लाख ५६ हजार ठेक्का र तेश्रो चौमासिकमा रु.२ करोड ४६ लाख २ हजार ठेक्का व्यवस्थापन भएको देखिन्छ।यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु.५ करोड ४८ लाख ५८ हजार ठेक्का सम्पन्न भएको अवस्था छ ।

८.४ **ठेक्का प्रतिस्पर्धा** - नगरपालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | खदाङ्ग देखि लाहा सम्म मोटर वाटो मर्मत तथा पहिरो नियन्त्रण | १८ | ८,८६,५०७.१६ | २६,९४,३०८.०६ | ७३.१३ | The creeper kand D J V |
| २ | सुपानी रंग मोटर वाटो स्तर उन्नती | १७ | ८८,६०,९२१.३० | २९,५९,१६७.२५ | ७०.७९ | Kand p construtation and supplyers |
| ३ | दुइ तले ८ कोठे भवन निर्माण श्री सरस्वती मा वि | ३ | २,६३,५५,४०४.३६ | २,०४,२२,१३३.८४ | २९.०६ | Dee eye core / swastika / jagadulla nirman sewa jv |
| ४ | दांगिना स्थित आर्यखोला मोटर वाटो तथवन्धन निर्माण | १२ | ८८,८४,२०९.३१ | ४१,८०,४१५.६५ | ५७.२५ | Eco world constructions pvt ltd |
| | जम्मा | ५० | ४,४९,८७,०४१ | १,१८,७६,१०३ | ५७.५६ | |

उपर्युक्त विवरण अनुसार नगरपालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी दुइ तले ८ कोठे भवन निर्माण श्री सरस्वती योजनामा रु. २,६३,५५,४०४.३६/- लागत अनुमान रहेकोमा रु.२,०४,२२,१३३.८४/- मा सम्झौता गरेको छ, जुन लागत अनुमानको तुलनामा २९.०६ प्रतिशत घटीमा रहेको छ भने खदाङ्ग देखि लाहा सम्म मोटर वाटो मर्मत तथा पहिरो नियन्त्रण कार्यको रु.८,८६,५०७.१६/- लागत अनुमान रहेकोमा रु.२६,९४,३०८.०६/- मा सम्झौता गरेको छ जुन लागत अनुमानको ७३.१३ प्रतिशत घटीमा हुन आउँछ ।

८.५

**निर्माण कार्य व्यवस्थापन** - नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५८ | ४ | ३०,२५६ | ५४ | ९९,८६४ |

यस आर्थिक वर्षमा नगरपालिकाले सञ्चालन गरेका कुल ५८ योजना मध्ये ठेक्का मार्फत ४ वटा योजनामा रु.३ करोड २ लाख ५६ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित योजनामा रु.९ करोड ९८ लाख ६४ हजार खर्च गरेको छ ।अर्थात १३ करोड १ लाख २० हजार योजनामा भएको खर्च मध्ये २३ प्रतिशत ठेक्का प्रक्रिया र ७६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ ।नगरपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

८.६ **परामर्श सेवा खरिद** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.६०,५६,७२१/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | त्रिपुराकोट मा.वी वडा २, त्रिपुरासुन्दरी र सरस्वती मा.वी वडा ३ मा | नेपाल डिजाइन सेल एण्ड इन्जिनियस सर्भिस | १९९३३२० | १९७७७३६ | १९७७७३६ | ०.७८ |
| २ | वडा न.६,७,८, ११ कार्यलय भवन निर्माण पुरानो निर्माण भुत्तानी अहिले | नेपाल डिजाइन सेल एण्ड इन्जिनियस सर्भिस | १८००००० | १७९४००० | १७९४००० | ०.३३ |
| ३ | वडा नं २,३,४,५ वडा कार्यालय भवन निर्माण पुरानो निर्माण भुत्तानी अहिले निर्माण पुरानो निर्माण भुत्तानी अहिले | सृष्ट्री इन्जिनियरिङ्ग कन्सन्ट्रेन्सी | १८००००० | १७९४००० | १७९४००० | ०.३३ |
| ४ | Supply installation and implementation of education section automation system | Debugsoft pvt. Ltd. | ५००००० | ४९०९८५ | ४९०९८५ | ०.९८ |
| | जम्मा | | ६०९३३२० | ६०५६७२१ | ६०५६७२१ | २.४२ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष ४ कार्यमा सोझै खरिद मार्फत जम्मा रु.६०,९३,३२०/- हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.६०५६७२१ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा २.४२ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । नगर पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ सहकारी संस्था

**सहकारी संस्थाको विवरण** - नगरपालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु |
|---|---|---|---|
| वचत तथा कृण सहकारी संस्था लि. | ३ | ८४ | ४८३५२४ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १९ | ५६२ | ७५३७६१९२ |
| कृषि सहकारी संस्था लि. | १६ | ४०७ | ६५५२७०० |
| अन्य | ० | ० | ० |
| **जम्माः** | **३८** | **१०५३** | **८२४१२४१६** |

नगरपालिका भित्र आर्थिक वर्ष २०८०।८१ सम्म जम्मा ३८ वटा सहकारी संस्था संचालनमा रहेका छन् ।३८ वटा सहकारी संस्थामा १०५३ जना शेयर सदस्या रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु.८२४१२४१६ हजार रहेको छ ।पालिकाले आफ्नो क्षेत्राधिकार भित्र संचालित सहकारी संस्थाहरुको अनुगमन र नियमन कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

१० **नगरपालिका चालु (ब.उ.शि.नं. ८०६६१४०२००१)**

१०.१ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.७,६३,१२१.१०/- लाख जम्मा भएकोमा सोको उपयोग सम्बन्धमा कानून निर्माण भएको छैन ।

१०.२ **पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदिधकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ अनुसार यस ऐनमाको दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले निर्धारण पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्ने व्यवस्था छ । साथै ऐनको दफा १५(२) अनुसार पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने समेत कानूनी व्यवस्था रहेको छ । तर प्रदेश कानूनले व्यवस्था गरेको भन्दा बढी सुविधा प्रादन गर्ने गरी त्रिपुरासुन्दरी नगरपालिकाको पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नं. १६ अनुसार तोकिएका पदाधिकारीका लागि भान्सा वापत यस वर्ष रु.१८,६०,०००/- भुक्तानी दिएको छ । त्यसैगरी यस वर्षका लागि स्वीकृत बजेटमा मेयर,उपमेयर र प्रमुख प्रशासकीय अधिकृतका लागि घरभाडा वापत रु.८,००,०००/- र मेयर र उप-मेयरको भान्सा वमपत रु.१०,००,०००/- समेत गरी जम्मा रु.१८,००,०००/- बजेट व्यवस्था भएको देखिन्छ । अत: सम्बन्धित प्रदेश कानूनले व्यवस्था गरे भन्दा बढी सुविधा प्राप्त हुने गरी स्थानीय कानून तथा नगरसभाको निर्णयका आधारमा खर्च हुनु मनासिव देखिएन । त्यसैले मेयर,उप-मेयर र प्रमुख प्रशासकीय अधिकृतको भान्सा खर्च वापत भएको भुक्तानी नियम सम्वत् नदेखिएको रु.

| क्र.स. | पदिधकारी/कर्मचारीको नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | मासिक रु.७५,०००।०० का दरले बार्षिक भान्सा खर्च रु. | ९,००,०००.०० |
| २ | नगर उप-प्रमुख श्री देवी घर्ती | मासिक रु.६५,०००।०० का दरले बार्षिक भान्सा खर्च रु. | ७,८०,०००.०० |
| ३ | प्र.प्र.अ. श्री जगदीश चन्द्र नेपाली | मासिक रु.१५,०००।०० का दरले बार्षिक भान्सा खर्च रु. | १,८०,०००.०० |
| **जम्मा** | | | **१८,६०,०००.००** |

| | |
|---|---|
| अनियमित भएको | १८,६०,००० |

१०.३ **आर्थिक सहायता** – पालिकाले यस वर्ष आर्थिक सहायता वितरणका लागि मापदण्ड एवं कार्यविधि बेगर विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायतका लागि १३६ जना नागरिकलाई रु.१२,००,०००/- लाख आर्थिक सहायता वितरण गरेको छ । त्यसैले

आर्थिक सहायता रकमलाई व्यवस्थित एवं नियमित गर्न यस सम्बन्धी कार्यविधि/निर्देशिका तयार गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०.४ **कर्मचारी सुविधा/खाजा भत्ता -** स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तर पालिकाले नगर सभाको निर्णयानुसार २४ कर्मचारीलाई मासिक रु.३,०००/- का दरले बार्षिक रु.८,६४,०००/- खाजा खर्च भुक्तानी गरेको छ । त्यसैले कानूनी व्यवस्था बेगर नगरसभाको निर्णयका आधारमा भुक्तानी भएको खाजा भत्ता नियमसम्वत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,६४,००० |

१०.५ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई, प्रमाण, कागजात सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानी गरेकोमा संलग्न बिल भरपाइ भन्दा बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

| **क्र.स.** | **भौ.नं. र मिति** | **फर्म/ व्यक्तिको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|---|
| १ | ३३/०८०/६/२७ | एस. के. स्टेशनरी एण्ड सप्लायर्स | सामान खरिद वापत रु.१,२५,०००.०० भुक्तानी भएकोमा रु.८७,५९०.०० का मात्र बिल भरपाइ संलग्न रहेको । | ३७,४१०.०० |
| ३ | विभन्न | चन्डेश्वरी आयल स्टोर्स, त्रिपुरासुन्दरी | पालिकाबाट ४,४४९ लिटर पेट्रोल खरिदका लागि अर्डर स्लिप जारी गरेकोमा निज स्टोर्सले ५,३९५.५० लिटर पेट्रोलको बिल पेश गरी भुक्तानी लिएको । त्यसैले पालिकाबाट जारी अर्डर स्लिप भन्दा ९४८.५० लिटर बढीको प्रति लिटर रु.२२६.०० का दरले हुन आउने रु.२,१४,३६१.०० असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | २,१४,३६१.०० |
| ५ | ६५८/०८१/३/२३ | राम बहादूर ओली | वडा अध्यक्षबाट रु.५०,०००.०० को विल सहित पेश्की फर्छ्यौटका लागि सिफारिस भएकोमा रु.१,५०,०००.०० पेश्की फर्छ्यौट भएको । त्यसैले संलग्न कागजात भन्दा बढी भुक्नी भएको रकम असूल गर्नुपर्ने रु. | १,००,०००.०० |
| **जम्मा** | | | | **३,५१,७७१.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५१,७७१ |

१०.६ **जिन्सी दाखिला**

( ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१०२,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०.७ **भ्रमण/अनुगमन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई, प्रमाण, कागजात सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको

जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका पदाधिकारीलाई गरेको भ्रमण खर्च असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| क्र.स. | भौ.नं. र मिति | व्यक्तिको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ९४/०८०/८/१३ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | नगर प्रमुख श्री जनचन्द्र रोकायाले २०८०/६/१ देखि ७ गतेसम्म सूर्खत काज जनाई भौ.नं. ४१/०८०/६/२८ बाट रु.२८,०००.०० अनुगमन भत्ता लिएकोमा सोही मिति (२०८०/६/१ देखि १०) मा पून: नेपालगंज काठमाडौं काज जनाई दोहोरो भ्रमण भत्ता लिएको रकम रु. | ४०,०००.०० |
| २ | ९४/०८०/८/१३ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | नगर प्रमुख श्री जनचन्द्र रोकायाले मिति २०८०/८/७ गते चौथो नगर कार्यपालिकाको बैठकको अध्यक्षता गरेको अवस्थामा मिति २०८०/८/१ देखि १० सम्म काठमाडौं काज जनाई भुक्तानी लिएको भ्रमण खर्च रु. | ४०,०००.०० |
| ३ | २२६/०८०/१०/४ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | नगर प्रमुख श्री जनचन्द्र रोकायाले मिति २०८०/९/२० मा नगर कार्यपालिकाको बैठकको अध्यक्षता गरेको अवस्थामा मिति २०८०/९/१९ देखि २५ सम्म नेपालगंज काठमाडौं काज जनाई भुक्तानी लिएको भ्रमण खर्च रु. | ५८,०००.०० |
| ४ | ९३/०८१/३/२४ | नगर उप-प्रमुख श्री देवी घर्ती | नगर उप-प्रमुख श्री देवी घर्ती मिति २०८१/३/९ मा नगर कार्यपालिकाको बैठकको उपस्थित भएको अवस्थामा मिति २०८१/३/१ देखि १४ सम्म नेपालगंज काज जनाई भुक्तानी लिएको भ्रमण खर्च रु. | ४०,८००.०० |
| ५ | २३/०८०/६/२६ | प्र.प्र.अ. श्री जगदीश चन्द्र नेपाली | प्र.प्र.अ. श्री जगदीश चन्द्र नेपाली मिति २०८०/५/१४ देखि २० सम्म काठमाडौ काजमा रहेकोमा दैनिक भ्रमण खर्चको अतिरिक्त होटल बास खर्च वापत भुक्तानी भएको रकम रु. | १५,०००.०० |
| ६ | २३/०८०/६/२६ | प्र.प्र.अ. श्री जगदीश चन्द्र नेपाली | प्र.प्र.अ. श्री जगदीश चन्द्र नेपाली मिति २०८०/४/१४ देखि २३ सम्म काठमाडौ काजमा रहेकोमा दैनिक भ्रमण खर्चको अतिरिक्त होटल बास खर्च वापत भुक्तानी भएको रकम रु. | १५,०००.०० |
| ७ | ६७९/०८१/३/२४ | शिक्षा अधिकृत श्री भिम बहादूर थापा | शिक्षा अधिकृत श्री भिम बहादूर थापालाई मिति २०८१/३/११ देखि १६ सम्मको स्वीकृत नभएको भ्रमणको भत्ता भुक्तानी भएको रु. | ९,२४०.०० |
| ८ | ६७९/०८१/३/२४ | शिक्षा अधिकृत श्री भिम बहादूर थापा | शिक्षा अधिकृत श्री भिम बहादूर थापालाई मिति २०८१/२/१ देखि ७ सम्मको स्वीकृत नभएको भ्रमणको भत्ता भुक्तानी भएको रु. | ११,०००.०० |
| ९ | ४६६/०८१/१/२४ | का.स. श्री मदन उखेडा | का.स. श्री मदन उखेडा मिति २०८०/१२/२२ देखि २८ सम्म कार्यालयमा नियमित हाजिरी रहेकोमा दुनै जुफाल काज जनाई भ्रमण भत्ता भुक्तानी लिएको रु. | ९,०००.०० |
| १० | ९२/०८१/३/२४ | इ. कर्ण बहादुर कार्कि | इन्जिनियर श्री कर्ण बहादुर कार्कि मिति २०८०/१०/२६ देखि २९ सम्म कार्यालयमा नियमित हाजिरी रहेकोमा नेपालगञ्ज काज जनाई भ्रमण भत्ता भुक्तानी लिएको रु. | १४००० |
| | | | | |

| जम्मा | | २,५२,०४०.०० |
|---|---|---|

| असुल गर्नुपर्ने | २,५२,०४० |
|---|---|

११ **सडक बोर्ड नेपाल तर्फ**

**जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले खरिद गरेका देहाय बमोजिमका जिन्सी सामान तोकिए अनुसार दाखिला गरेको पाईएन । त्यसैले खरिद भएका जिन्सी सामान दाखिलाको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गरी दाखिला हुनुपर्ने रु.

| क्र.स. | भौ.नं. र मिति | व्यक्तिको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ५/०८१/३/२३ | वडा सचिव श्री लक्ष्मी लाल थापा | वडा नं. ९ का वडा सचिव थापाले रु.१,९१,२५५.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,९१,२५५.०० |
| २ | ५/०८१/३/२३ | वडा सचिव श्री महादेव राना | वडा नं. ११ का वडा सचिव थापाले रु.८५,१००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | ८५,१००.०० |
| ३ | ७/०८१/३/२३ | वडा प्रा. श्री जंग ब. बुढा थापा | वडा नं. २ का वडा प्राविधिक थापाले रु.१,५७,६००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,५७,६००.०० |
| ४ | ७/०८१/३/२३ | वडा सचिव श्री नविन प्र. ओझा | वडा नं. ७ का वडा सचिव ओझाले रु.१,५७,६००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,५७,६००.०० |
| ५ | ७/०८१/३/२३ | वडा सचिव श्री विकास नेपाली | वडा नं. ८ का वडा सचिव नेपालीले रु.१,५७,६००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,५७,६००.०० |
| ६ | ७/०८१/३/२३ | वडा सचिव श्री विश्वरुप बुढा | वडा नं. ४ का वडा सचिव बुढाले रु.१,९७,०००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,९७,०००.०० |
| ७ | ९/०८१/३/२३ | वडा सचिव श्री अनिता थारु | वडा नं. ३ का वडा सचिव थारुले रु.२,०६,८५०.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | २,०६,८५०.०० |
| ८ | ९/०८१/३/२३ | वडा सचिव श्री भुपेन्द्र रेगामी मगर | वडा नं. ५ र ६ का वडा सचिव गमरले रु.३,४४,७५०.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | ३,४४,७५०.०० |
| ९ | ९/०८१/३/२३ | वडा अध्यक्ष श्री ललित प्र. गिरी | वडा अध्यक्ष गिरीले रु.१,४७,७५०.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १,४७,७५०.०० |
| १० | ३०/०८१/३/२४ | वडा सचिव श्री विजय भट्टराई | वडा नं. १ का वडा सचिवले रु.१५६०००.०० को मसलन्द सामाग्री खरिद गरी भुक्तानी लिएकोमा जिन्सी दाखिला नगरेको रु. | १५६००० |
| **जम्मा** | | | | **१८,०१,५०५.००** |

| प्रमाण पेश नगरेको | १८,०१,५०५ |
|---|---|

१२ **सशर्त बजेट खर्च** -

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट हुने खर्च जुन प्रयोजनका लागि बजेट प्राप्त भएको हो सोही कार्यमा मात्र खर्च गर्नुपर्दछ । पालिकाले नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस विद्युतीय चुलो।सुधारिएको चुलो।सौर्य उर्जा) का लागि प्राप्त बजेटबाट पालिकालाई आवश्यक सामग्री खरिद गरि खर्च गरेको देखियो । पालिकाले संघीय बजेटबाट असम्बन्धित शिर्षकमा खर्च संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| गोभौनं./मिति | विवरण | रकम |
|---|---|---|
| ८-२०८०।८।२६ | मोबाइल, डिसहोम रिचार्ज लगायतका सामग्री खरिद | २८५००० |
| ३५-२०८१।२।२३ | अफिस डायरी, अफिस टेबल लगायतका सामग्री खरिद | १३४४७० |
| **जम्मा** | | ४१९४७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१९,४७० |

१३ **शिक्षा तर्फ -**

१३.१ **शिक्षक दरबन्दी र विद्यालय समायोजन -** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्य प्रभावकारी रुपमा गरेको पाईएन । त्यसैले उक्त व्यवस्थाको कार्यान्वियन मार्फत् सामुदायिक विद्यालयको शैक्षिक सुधार तथा गुणस्तर वृद्धिमा ध्यान दिनुपर्ने देखिन्छ ।

१३.२ **समानीकरण अनुदानबाट शिक्षक तलब भत्ता -** पालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् यस वर्ष विभिन्न विद्यालयमा निजी स्रोतमा नियुक्त गरेका शिक्षकको तलब भत्ता वापत यस वर्ष रु.४२,००,०००.०० भुक्तानी गरेको छ । पालिकाले शिक्षकको आवश्यकता, शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय समायोजन तथा दरबन्दी मिलानको कारबाही नगरी विद्यालयबाट नियुक्त निजी स्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्नु मनासिव देखिएन ।

१३.३ **विद्यालय र विद्यार्थी संख्या -** नगरपालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विद्यार्थी संख्या** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २९ | ३७८३ |
| | **जम्मा** | **२९** | **३७८३** |

उपरोक्त विवरण अनुसार नगरपालिकाको जम्मा विद्यार्थी संख्या ३७८३ सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१३.४ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालयनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | मुकुटेश्वर मा.बि | १२ | २२६ | १८ |
| २ | जनप्रभा मा.बि | २५ | ५१३ | २१ |
| ३ | सरस्वती मा.बि | १४ | ३०० | २१ |
| ४ | त्रिपुरा मा.बि | ११ | १७८ | १६ |
| ५ | त्रिपुराकोट आ.बि | १४ | ३७३ | २६ |
| ६ | पृथ्वी नारायण आ.बि | ३ | ३५ | ११ |
| ७ | मोतिराम आ.बि | १ | १५ | १५ |
| ८ | औतारी आ.बि | २ | ४८ | २४ |
| ९ | महाकाल आ.बि | २ | ४८ | २४ |
| १० | भवानी आ.बि | २ | २३ | ११ |
| | **जम्मा** | **८६** | **१७५९** | **२०** |

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका २९ वटा विद्यालय १८० जना शिक्षक र ३७८३ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ ।

१३.५ **प्रति विद्यार्थी लागत** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम रु. | खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १७६६४६००० | १६८७२२९४५ | ३७८३ | ४४६०० |

उपरोक्त विवरण अनुसार नगरपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४४६०० रहेको छ ।

१३.६ **शैक्षिक गुणस्तर** - त्रिपुरासुन्दरी नगरपालिका नगरअन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २६१ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको नतिजा देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जिपिए | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३६१ ४०० | २६१ | | १ | | ०.४ |
| २ | ३२१ ३६० | | | १९ | | ७.२७ |
| ३ | **NG** | | | २४१ | | |
| | जम्मा | २६१ | | २६१ | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने २६१ विद्यार्थी मध्ये १ जना, ३.२१ - ३.६० जिपिए ल्याउने १९ जना रहेको देखिन्छ । त्यसैले पालिकाले मात्र सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१३.७

**सामुदायिक सिकाई केन्द्र** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.११ को क्रियाकलाप ६.७(क) बमोजिम स्थानीय तहले नियमित रुपमा संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ढ पुरा गरेका सामुदायिक सिकाई केन्द्रहरुलाई तोकिएको रकम अनुदान उपलब्ध गराउने र क्रियाकलाप ६.७ को (ङ) मा सामुदायिक सिकाई केन्द्रले गरेका नियमित कार्यहरुको प्रतिवेदन स्थानीय तह मार्फत शिक्षा तथा मानब स्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा पठाउनु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले भौचर नं ३६५।०८१।३।१८ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम र साक्षरता निरन्तरता शिक्षाका कार्यक्रमका लागि निम्न सामुदायिक अध्ययन केन्द्रहरुलाई रु.१०,३९,००० निकासा गरेको छ।कार्यविधिले निर्धारण गरेको मापदण्ढहरु र सम्पादित कार्यहरुको प्रतिवेदन विबरण लगायतका अन्य कागजातहरु प्राप्त गरी सदुपयोग भएको सम्बन्धमा एकिन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| क्र सं | सिकाई केन्द्र | निकासा रकम |
|---|---|---|
| १ | त्रिपुरा सामुदायिक सिकाई केन्द्र | २३२००० |
| २ | महादेव सामुदायिक सिकाई केन्द्र | १८६००० |
| ३ | महामष्टा सामुदायिक सिकाई केन्द्र | १७६००० |
| ४ | जनचेतना सामुदायिक सिकाई केन्द्र | २१३००० |
| ५ | भगवती सामुदायिक सिकाई केन्द्र | २३२००० |
| **जम्मा** | | **१०३९०००** |

१३.८ **सेनेटरी प्याड** - सेनेटरी प्याड (वितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ को बुँदा नं ६(२ ) मा विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अध्यावधिक गर्नु पर्ने र बुँदा नं ६(५) मा वितरण गरेको प्याड बुझिलिएको भरपाइ गर्नु पर्ने व्यवस्था उल्लेख छ। पालिकाले भौचर नं.१०३ मिति २०८०।१०।६ मा सजिवन ईन्टरनेशनल प्रा.लि.लाई मिति २०८०।९।११ मा विजक नं.९ बाट ११११०० प्याकेड सेनेटरी प्याड खरिद बापत रु.९,९०,८९७/- भुक्तानी गरेको छ।पालिकाले खरिद भएका सेनेटरी प्याड विभिन्न १४ वटा स्कूललाई वितरण गरेको सोको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

१३.९ **छात्रावृत्ति** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयलाई आवासीय तथा गैर आवासीय छात्रवृत्ति कक्षा १ देखि ५ सम्म रु.१,००० का दर, कक्षा ६ देखि ८ सम्म रु. १,५०० का दर र दलित छात्रका लागि रु.४०० का दरमा निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भरपाइ र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले भौ.नं.३१० ।२०८१।३।१३ बाट २९ विद्यालयहरुका छात्राहरु तथा दलित छात्रहरुलाई रु.१५,४९,३००/- निकासा गरेको छ। तसर्थ देहायका विद्यालयहरुले सम्बन्धित विद्यार्थीले छात्रवृत्ति रकम बुझिलिएको सम्बन्धमा एकिन हुने गरी अनुगमन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| विद्यालय | कक्षा १ देखि ५ सम्म | कक्षा ६ देखि ८ सम्म | दलित छात्रा संख्या | निकासा रकम |
|---|---|---|---|---|
| त्रिपुराकोट मा.विमदु | ४६ जना | ६९ जना | २५ जना | १५९५०० |
| जनप्रभा मा.विलिकु | ९ | ४३ | ३० | ८५५०० |
| सरस्वती मा.विसुँ | ४२ | ३१ | १८ | ९७५०० |
| प्रकास आ.विरंग | ६९ | ३५ | ३० | १३३५०० |
| ज्योती आ.विरुम | ४९ | १७ | १८ | ८१७०० |
| कस्तुरी मा.विपहाडा | ११ | ५० | २२ | ९४८०० |
| अमरसिंह आ.विमुँहु | ३२ | २२ | ० | ६५००० |
| हिमज्योती आ.विसार्कीटोल | २१ | ० | २५ | ३१००० |
| रामशाह आ.विबन्तडी | २६ | ० | ० | २६००० |
| मष्टाँ आ.विल्हाँ | ४० | २० | १९ | ७७६०० |
| त्रिपुरा मा.विकाटियाचौर | २२ | २७ | १२ | ६७३०० |
| भगवती आ.विछल | ३० | १० | ० | ४५००० |
| जनक आ.विदागिना | १४ | ० | ० | १४००० |
| महादेव आ.विजिउँ | ४२ | ० | २५ | ५२००० |
| कञ्चनजंगा आ.विहुम | १४ | ० | ० | १४००० |
| देउराली आ.विठाँटी | ३१ | ० | ० | ३१००० |
| जनप्रिय आ.विचुँ | ६१ | ७ | ३० | ८३५०० |
| काञ्जिरोवा आ.विदापु | ४९ | १२ | ० | ६७००० |
| मोतीराम आ.विखालिवन | २ | ० | ० | २००० |
| महाकवि देवकोटा आ.विरल्ली | २४ | ० | १५ | ३०००० |
| भवानी आ.विगल्ली | १६ | ० | ३ | १७२०० |
| महाकाल आ.विगुम्बागाउँ | १४ | ० | ० | १४००० |
| औतारी आ.विशाहिलावाडा | १४ | ० | ० | १४००० |
| बलभद्र आ.विरसी | ३५ | ५ | ० | ४२५०० |
| फोक्सुण्डो आ.विखदाङ | १३ | ० | १८ | २०२०० |
| मुकुटेश्वर मा.विफुल्टिङ | ४० | ३१ | २५ | ९६५०० |
| लेखनाथ आ.विकरेलीकाँडा | ३३ | ० | ० | ३३००० |
| पृथ्वीनारायण आ.विपालँग | १४ | ० | ० | १४००० |
| धौलागिरी आ.विरावतवाडा | २६ | ० | ३५ | ४०००० |
| **जम्मा** | | | | **१५४९३००** |

१३.१० **दिवा खाजा** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.२० को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने र प्रत्येक त्रैमासिकमा निकासा गर्दा अगाडि निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चित गरेर मात्र बाँकी त्रैमासिकको निकासा गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा २९ वटा विद्यालयलाई चौमासिक रुपमा प्रथम निकासा साउन देखि कार्तिक सम्मको रु.२७,६१,२००, पौष देखि चैत्र सम्मको रु.२१,१७,०००/- र बैसाख देखि अषाढ सम्मको रु.१७,०८,२००/- समेत गरी कुल रु. ६५,८६,४००/- निकासा गरेको छ । तोकिएको कार्यविधि अनुसार दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाका आधारमा निकासा गर्ने र निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१३.११ **प्रति विद्यार्थी लागत** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० को क्रियाकलाप २.१ र २.२ बमोजिम विद्यालयहरुलाई विद्यालयले भरेको IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या यकिन गरी सिक्षण सिकाई डिजिटल समाग्री, ईन्टरनेट, फर्निचर, कक्षा व्यबस्थापन लगायतका कार्यका लागि प्रति विद्यार्थी लागतका आधारमा विद्यालय सुधार योजना कार्यान्वयन गर्न रकम निकासा गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले भौचर नं ४०६ मिति २०८१।३।२० मा निम्न विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यबस्थापनका लागि निकासा गरेकोमा सोसंग सम्बन्धित बील भरपाइ संलग्न भएको देखिएन।सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत, प्राविधिक धार, ईन्टरनेट, पाठ्यपुस्तकको छुट रकम लगायतका कार्यका लागि निकासा रकमको बील भरपाइ प्रमाण पेश हुनु पर्ने रु.

| **क्र सं** | **विद्यालय** | **निकासा रकम** |
|---|---|---|
| १ | त्रिपुराकोट मा.विमदु | २९०८७५ |
| २ | जनप्रभा मा.विलिकु | २२१३२९५ |
| **जम्मा** | | **२504170** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१०३,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,०४,१७० |

१४ **स्वास्थ्य तर्फ** -

१४.१ **स्वास्थ्य तर्फ** - नगरपालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी स्वास्थ्य शाखा पालिकाको २ सहित | ५ | २७ | १७<br>करार २१ जना<br>(१० जना दरवन्दी भित्रको र११ करार) | १५३७१ | नया ओपिडी वाट सेवा लिएका १०९२८ र पुरानो एउटा रोग लागेर दोहोरिएको सेवा |
| सामुदायिक स्वास्थ्य ईकाइ | २ | ० | दरवन्द्री वाहेक २ करारमा | | |
| आधारभुत स्वास्थ्य केन्द्र | ५ | ० | दरवन्दी वाहेक करारमा ७ | | |
| **जम्मा** | **१२** | **२७** | **करार २८ र स्थायी १७ जना** | | |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा ५ स्वास्थ्य केन्द्र/चौकी र २ सामुदायिक स्वास्थ्य ईकाइमा कुल ४५ दरबन्दी रहेकोमा हाल स्थायी १७ जना र करारमा २८ पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

१४.२ **बहुक्षेत्रिय पोषण कार्यक्रम** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ३७ को ३ मा संलग्न खर्चको बील भरपाइ सहितको लेखा राख्नु पर्ने र सोही नियमको उपनियम ८ मा संलग्न बील,भरपाइ कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले भौचर नं ३६६ मिति २०८१।३।१८ मा सुनौला हजार दिनका आमाहरुको पोषण अवस्था सुधार गर्ने कार्यका लागि मिति २०८१।३।१७ मा सम्झौता गरी १ महिना भित्रमा प्रतिवेदन पेश गर्नु पर्ने शर्तमा महिला सामुदायिक सेवा समाजलाई रु.५,९०,०००/- भुक्तानी गरेको देखियो ।सम्झौताको बुँदा नं ६ मा तोकिए अनुसार महिला सामुदायिक सेवा समाजले काम गरे नगरेको सुनिश्चित गर्नु पर्ने कुरा उल्लेख भएकोमा पालिकाबाट सो कार्यको अनुगमन प्रतिवेदन पेश गरेको छैन ।तसर्थ उक्त कार्यको अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९०,००० |

१४.३ **जिन्सी दाखिला** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ४७ (१ ) मा कार्यालयमा कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी खातामा सात दिन भित्र आम्दानी जनाई स्रेस्ता अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले भौचर नं ३४८।०८१।३।१७ मा २१ लिटर क्षमताको १५ थान फिल्टर रु.२,५००/- मा र १५ थान फिल्टर स्टेन्ट रु.२,५००/- मा गरी रु.७५,०००/- को फिल्टर खरिद गरेकोमा जिन्सी खातामा आम्दानी जनाएको देखिएन। पालिकाले खरिद सामानको आम्दानी जनाई प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००० |

१४.४ **बिजक नं हातले लेखेको** - मुल्य अभिबृद्धि कर नियमावली,२०५३ को नियम १७ को उपनियम २(१ )मा प्रापकलाई दिईने विजकको मुखपृष्ठमा देखिने गरी प्रस्टसंग कर विजक नम्बर लेखिएको हुनु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले भौचर नं २८५,३।१९ मा WASH plan update लगायतका कार्यबापत अद्धय ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड सप्लायर्स प्रा.लि. (भ्याट नं ६१९७४६२३४) लाई मिति २०८१।३।७ को विजक नं ००४ हातले लेखेको बिलबाट मुल्य अभिबृद्धि कर रकम सहित रु १,९४,६७०/- भुक्तानी गरेको छ। तसर्थ तोकिएको कर विजक बेगरको बिजक नं हातले लेखेको बीलबाट भुक्तानी भएको मु.अ.कर रकम रु.२०,०८५/- को कर समायोजन पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,०८५ |

१४.५ **करार कर्मचारी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ३७ को १ मा सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको एकिन गरेर मात्र खर्च गर्नु पर्ने व्यबस्था उल्लेख छ साथै शसर्त सहितको बजेट सम्बन्धित खर्च शिर्षक बाहेक अन्य प्रकारका कार्यमा खर्च गर्न पाईदैन। पालिकाले यस बर्ष संघीय शसर्त चालु शिर्षकबाट स्वास्थ्य करारका ३७ जना कर्मचारीलाई, शिक्षा करारका २ जनालाई र १ जना नगर प्रहरीलाई बैशाख र जेठ महिनाको पारिश्रमिक रु.१७,१८,५८०/- भुक्तानी गरेको देखियो।यसरी पालिकाले आन्तरिक स्रोतबाट पारिश्रमिक भुक्तानी नगरी संघीय शसर्त शिर्षकको निम्न खर्च शिर्षकबाट भुक्तानी गरेको खर्च रकम संघीय खातामा फिर्ता हुनु पर्ने रु.

| **भौचर नं र मिति** | **विबरण** | **भुक्तानी खर्च शिर्षक** | **खर्च रकम** |
|---|---|---|---|
| ४९७।०८१।३।२४ | शिक्षा करारका २ कर्मचारी र नगरप्रहरी १ जनालाई जेठ र अषाढको पारिश्रमिक र रासन भत्ता भुक्तानी | स्थायी स्वास्थ्य कर्मीको तलब शिर्षकबाट | १३०५८० |
| ३६७।०८१।३।१७ | ३७ जना स्वास्थ्य करारका कर्मचारीलाई जेठ महिनाको पारिश्रमिक भुक्तानी | स्थायी स्वास्थ्य कर्मीको स्थानीय भत्ता शिर्षकबाट | ७९४००० |
| ३४४।०८०।३।१७ | ३७ जना स्वास्थ्य करारका कर्मचारीलाई बैशाख महिनाको पारिश्रमिक भुक्तानी | स्थायी स्वास्थ्य कर्मीको तलब शिर्षकबाट | ७९४००० |
| **जम्मा** | | | **१७,१८,५८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१८,५८० |

१४.६ **पोशाक भत्ता** - सामान्य प्रशासन मन्त्रालयको २०७३।८।१० को चलानी नं ३६४ को परिपत्र अनुसार अध्ययन विदामा बसेको कर्मचारीलाई बिदा अवधिमा चाडपर्व खर्च पाउने कुरा उल्लेख भएतापनि पोशाक खर्च दिने व्यबस्था देखिदैन।पालिकाले स्वास्थ्य तर्फका कर्मचारी श्री अस्मिता गिरीलाई अध्ययन विदा (२०८०।२।३२ देखि २०८३।२।३१ सम्म) मा बसेको अवधि मा पनि यस बर्षको पोशाक खर्च रु.१५,०००/- भुक्तानी गरेको छ।एक आर्थिक बर्ष भरी बिदामा रहेको अवधिको पोशाक भत्ता भुक्तानीको आधार पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

१४.७ **कर्मचारी संचयकोष बढी भुक्तानी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ३७ को ३ मा संलग्न खर्चको बील भरपाइ सहितको लेखा राख्नु पर्ने र सोही नियमको उपनियम ८ मा संलग्न बील भरपाई अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले भौचर नं ३५ मिति २०८०।८।१० मा खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गतको निम्न ९ जना कर्मचारीहरुलाई र स्वास्थ्य तर्फका १ जनालाई कार्तिक महिनाको तलब भत्ता भुक्तानीमा कर्मचारी संचय कोष थप रकम रु.८,६४२/- बढी भुक्तानी गरेको छ। तसर्थ बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु.

| कर्मचारी | तलब | भुक्तनी हुनु पर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| अस्मिता गिरी स्वास्थ्य तर्फ | ३४७३० | ० | ३४७३ पर्व खर्चमा | ३४७० |
| ज्ञानेन्द्र बहादुर वि क | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| धन प्रसाद बुढा | ४३६८९ | ४३६८ | ५०९६ | ७२८ |
| काली बहादुर बुढा | ३४७३० | ३४७३ | ४०५१ | ५७८ |
| धनरुपा धराला | ३४७३० | ३४७३ | ४०५१ | ५७८ |
| रत्नसरा रोकाया | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| बम बहादुर सार्की | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| भरुने सार्की | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| दान बहादुर थापा | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| कृष्णमती कार्की | ३२९०२ | ३२९० | ३८३८ | ५४८ |
| **जम्मा** | | | | **८,६४२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६४२ |

१५ **कृषि तथा पशु तर्फ** -

१५.१ **लम्पी स्किन** - नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षति पुर्याएको देखिन्छ ।

| नगरपालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित चौपायाको संख्या | मृत्यू भएका चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु. |
|---|---|---|---|
| गाइ।गोरु संख्या ७८४६ | ५००० | ७७९ | ६५०००० |

उपरोक्त विवरण अनुसार पालिका भित्र पशु चौपाया ७८४६ रहेको छ, भने ५००० रोगबाट प्रभावित तथा ७७९ वटाको मृत्यु भएको देखिन्छ । नगरपालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रु.६५०००० हजारको औषधी प्रयोग गरेको देखिन्छ ।

१५.२ **अनुदान व्यवस्थापन** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | कृषि तर्फ | १५ | ११००००० |
| २ | पशु तर्फ | ६ | ७००००० |
| **जम्माः** | | **२१** | **१८०००००** |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस आर्थिक वर्षमा १५ कृषि कार्यक्रममा रु.११,००,०००/- र पशु तर्फ ६ कार्यक्रममा रु.७,००,०००/- हजार समेत गरी कृषि र पशु कार्यक्रम तर्फ जम्मा रु.१८,००,०००/- अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसँग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१६ **अग्रिम करकट्टी** -

आयकर ऐन, २०५८ दफा ८८(४) बमोजिम भुक्तानीमा १.५ प्रतिशतका दरमा अग्रिम कर कट्टा गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले निम्न कार्यवापतको भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेको छ। तसर्थ नियम अनुसार दाखिला नभएको अग्रिम कर दाखिला हुनुपर्ने रु.

| भौचर नं र मिति | विबरण | भुक्तानी लिने | कर रकम |
|---|---|---|---|
| ३८५,३।१९ | WASH plan update लगायतका कार्यबापत भ्याट बाहेक रु.१५४५०० भुक्तानी मा अग्रिम कर कट्टा नभएको रु.२३१७ | अद्धय ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड सप्लायर्स प्रा लि | २३१७ |
| ४७६,३।२३ | स्वास्थ्य संस्थाहरुको संस्थागत विकासका लागि समान खरिद बील रु.१२३७०० मा अग्रिम कर कट्टा नभएको रु.१८५५ | अमर बहादुर बस्नेत | १८५५ |
| **जम्मा** | | | **३,९७२** |

| असुल गर्नुपर्ने | ४,१७२ |
|---|---|

१७ **बढी भुक्तानी -**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५को नियम ३७ को ३ मा संलग्न खर्चको बील भरपाइ सहितको लेखा राख्नु पर्ने र सोही नियमको उपनियम ८ मा संलग्न बील भरपाइ अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले निम्न अनुसारको कार्यको भुक्तानीमा बढी भुक्तानी गरेको छ। यसरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **भौ.नं र मिति** | **कार्य** | **भुक्तानी लिने** | **विबरण** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| १३८।०८०।१०।१६ | प्रतिवेदन तयारी | जलबायु परिवर्तन तथा पर्यावरण संरक्षण अभियान नेपाल | मिति २०८०।१०।६ मा विजक नं १ बाट भ्याट बाहेक रु ७,७४,३०० र भ्याट रकम रु १,००,६५९ सहित रु ८,७४,९५९ भुक्तानी हुनु पर्नेमा रु ७,९०,००० भुक्तानी भएको। | १५,०४१ |
| ३६३।०८१।३।१७ | चुडाल देखि भिडाल बाडी सम्म घोरेटो बाटो निर्माण क | चुडाल देखि भिडाल बाडी सम्म घोरेटो बाटो निर्माण कार्य उपभोक्ता समिति | उपभोक्ता समितिलाई होडिङ बार्ड निर्माण खर्च भुक्तानी रु.५००० भएकोमा एन्जिला मोबाईल्स एण्ड कस्मेटिक सेन्टरको ३।१७ को रु. २५००को मात्र बील पेश भएको। | २,५०० |
| **जम्मा** | | | | **१७,५४१** |

| असुल गर्नुपर्ने | १७,५४१ |
|---|---|

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ५ वडाहरुमा ६ वटा योजनामा बाटो खन्ने, बाटो सोलिङ्ग, कुलो खन्ने लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२८ जनालाई रोजगारी उपलव्ध गराई रु.७१,२२,५९८/- खर्च गरेको छ ।

१९ **सामाजिक सुरक्षा -**

आर्थिक वर्ष २०८०।८१ मा नगरपालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **नगरपालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)** | **लाभग्राही संख्या** | **लाभग्राही प्रतिशत** | **सामाजिक सुरक्षा रकम रु.** |
|---|---|---|---|---|
| १ | १२२३३ | २४२५ | १९.८ | ५१९८३२४५ |

उपरोक्त विवरण अनुसार नगरपालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या नगरपालिकाको कुल जनसंख्याको १९.८ प्रतिशत रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

२० **आन्तरिक आयतर्फ** -

२०.१ **खर्च र आन्तरिक आयको विश्लेषण** - नगरपालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | नगरपालिकाको जम्मा खर्च रु. | आन्तरिक आय रु. | खर्च र आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ४६१०७११३५.७८ | ६७६८९०९.११ | १.४७ |

नगरपालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.४६,१०,७१,१३५.७८/- रहेको छ, भने राजश्व संकलन रु.६७,६८,९०९.११/- गरेको छ । नगरपालिकाको कुल खर्च आन्तरिक आयको १.४७ प्रतिशत हुन आउँछ । अतः नगरपालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२०.२ **डोजर संचालन** - नगरपालिकाको स्वामित्वमा रहेको एक डोजर संचालन सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

• यस वर्ष डोजरको संचालनबाट प्राप्त रु.३०,३३,३०८/- आय राजस्व दाखिला भएको तथा रु.९,९२,०००/- दाखिला हुन बाँकी रहेको देखिन्छ । जस अनुसार डोजर संचालनबाट जम्मा आय रु.४०,२५,३०८/- प्राप्त भएको छ ।

• तर डोजर संचालनका लागि चालक तथा सह–चालकको तलब, इन्धन र मर्मत सम्भारमा यस वर्ष रु.४४,८९,०६३/- खर्च भएको देखियो । जसबाट नगरपालिकाले डोजर संचालनबाट यस वर्ष रु.४,६३,७५५/- संचालन नोक्सानी व्यहोरेको छ ।

त्यसैले नगरपालिकाबाट संचालित योजनामा सम्भव भएसम्म नगरपालिका कै डोजर प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

२०.३ **दाखिला गर्न बाँकी राजस्व** - पालिकाले आफुसँग रहेको डोजर तथा एम्बुलेन्स प्रयोग वापत तोकिए बमोजिम भाडा प्राप्त हुने गरी विभिन्न व्यक्ति तथा फर्महरुलाई भाडामा दिएकोमा विभिन्न व्यक्ति/फर्मले भाडा रकम दाखिला गरेको पाईएन । त्यसैले असूल गर्न बाँकी रहेको भाडा देहायका व्यक्ति/फर्मसँग ब्याज सहित असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| क्र.स. | फर्म/व्यक्तिको नाम | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | श्रीया कन्स्ट्रक्सन (भिम बोहोरा) | डोजर भाडा | ८,८८,०००.०० |
| २ | तुल बहादूर विष्ट | | १६,०००.०० |
| ३ | लाल बहादूर राना | | ३६,०००.०० |
| ४ | कालिका कन्स्ट्रक्सन (लेक रोकाया) | | ४८,०००.०० |
| ५ | हरि कुलाल | | ४,०००.०० |
| ६ | धर्मजित बुढा | एम्बुलेन्स भाडा | १४,५००.०० |
| | **जम्मा** | | **१०,०६,५००.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०६,५०० |

२०.४ **एम्बुलेन्स संचालन** - नगरपालिकाको स्वामित्वमा रहेको एक एम्बुलेन्स संचालनबाट प्राप्त रु.१,४०,५००/- आय प्राप्त भएकोमा एम्बुलेन्स संचालन, तलब भत्ता, ईन्धन र मर्मत वापत रु.२०,१७,७९६/- खर्च भएको देखिन्छ । जसबाट नगरपालिकाले एम्बुलेन्स संचालनबाट यस वर्ष रु.१८,७७,२९६/- संचालन घाटा परेको छ । त्यसैले बिरामीको प्रकृति र क्षमता अनुसार भाडा दर निर्धारण गर्ने तथा सम्भव भए सम्म अन्य खर्चमा नियन्त्रण गरी स्व: संचालित हुन सक्ने अवस्था सिर्जना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२१ **उपभोक्ता समिति मार्फत कार्य** -

२१.१ **उपभोक्ता समिति मार्फत निर्माण कार्य** - पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत् ५४ योजना कार्यान्वयन गरी रु.९ करोड ९८ लाख ६४ हजार खर्च गरेकोमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

• उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा समान रकमको रहेको ।

• पालिकाले गराएका निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश गरी निर्माण कार्यको गुणस्तर परीक्षण हुने नगरेको ।

• पालिकाले झोलुङ्गे पुल तथा सडक निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको ।

• उपभोक्ता समिति मार्फत् कार्य गराउने गरी सम्झौता गरेका योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायी मार्फत् काम गराई भुक्तानी हुने गुनासो रहेको तथा उपभोक्ता समितिसँग भएको सम्झौता रकम आसपास हुने गरी निर्माण व्यवसायीहरुको विल राखी भुक्तानी लिने गरेको ।

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिई नगद सहभागिता नदिएको ।

• सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता हुने नगरेको ।

• उपभोक्ता समितिबाट सामाग्री खरिद गर्ने सम्झौता गरी सो अनुसार भुक्तानी हुने गरेको ।

• पालिकाले निर्माण व्यवसायीसँग प्रतिप्रधात्मक विधिबाट गराउन सक्ने काम उपभोक्ता समितिबाट गर्दा प्रतिस्पर्धाको लाभबाट पालिका बञ्चित हुन पुगेको ।

त्यसैले अधिक जनसहभागिता जुट्ने तथा निर्माण व्यवसायीबाट गर्न/गराउन नसकिने कार्यहरुमा मात्र उपभोक्ता समिति मार्फत् गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२१.२ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाले १४-२०८०।६।२८ मा तामगार कल्भर्ड निर्माणका लागि छल अडर एण्ड सप्लायर्सलाई कार्यसम्पन्न अनुसार रु.९,२७,१४०/- भुक्तानी गर्नुपर्नेमा रु.९,६४,२२५/- भएकोले बढी रु. ३७,०८५/- असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३७,०८५ |
|---|---|

२१.३ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|
| ६९।२०८०।११।२१ | गुम्बाबाट माँझ गाउँ चिथुम सम्मको घोरेटो बाटो | १७२८०५ | १६५०३८ | २०.२० | ३३०० |
| १८७।२०८१।०३।२४ | त्रिपुरासुन्दरी नगरपालिका पक्की भवन निर्माण उ स | १९५५४०६ | १९३७८३८ | १७.२७ | १४४२७ |
| ९।२०८०।१०।१६ | लामा वगरभेरी नियन्त्रण वडा नं २ उ स | १७४३१८२ | १७१६२९३ | १७.४० | १९७३३ |
| ४५।२०८१।३।१५ | बस्ति ढल निकास वडा नं २ उ स | २३६००७३ | २३२७४६० | १६.९५ | ६५९४ |
| जम्मा | | | | | **४४०५४** |

| असुल गर्नुपर्ने | ४४,०५४ |
|---|---|

२१.४ **फरक दररेट प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्स एवं जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता मार्फत निर्माण कार्य गर्दा दररेट विश्लेषणमा उल्लेख भएको दर अनुसार भुक्तानी गर्नुपर्दछ । उपभोक्ता समितिलाई भुक्तानी गर्दा दररेट विश्लेषणमा उल्लेख भन्दा बढी दर भुक्तानी दिइएको पाइयो । निम्नानुसारका कार्य गर्दा स्वीकृत नर्म्सभन्दा बढी दररेट भुक्तानी गरेकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| **गौ.भौ.नं.।मिति** | **उपभोक्ता समिति** | **काम** | **भुक्तानी दर** | **भुक्तानी हुनुपर्ने दर** | **बढी** | **परिमाण** | **रकम** |
|---|---|---|---|---|---|---|---|
| ३७।२०८१।३।१९ (संघीय) | सुहुगाउँ स्थित महिता सामुदायिक भवन निर्माण | **PCC work 1:3:6** | १८६९० | १६९८६ | १७०४ | ५.८३ | ९९३४ |
| ३३।२०८१।२।२२ | खेलकुद पुर्वाधार निर्माण | **PCC M10(1:3:6)** | २४६०० | २४४०० | २०० | १९.५४ | ३९६० |
| १८७।२०८१।३।२४ | त्रिपुरासुन्दरी प्रशासकीय भवन उ स | **PCC Work in 1:2:4** | २१७८५ | २१४५३ | ३३२ | १०.५४ | ३४९९ |
| | त्रिपुरासुन्दरी प्रशासकीय भवन उ स | **Dry stone solling** | ३९३० | ३४२० | ५१० | ६.५८ | ३३५६ |
| ८०।२०८०।१२।२७ | सभा हल गराउन कटिङ्ग निर्माण उ स | **Hard Rock Excavation** | ६२९ | ५५५ | ७४ | २४३.७५ | १८०३७ |
| **जम्मा** | | | | | | | **३८७८६** |

| असुल गर्नुपर्ने | ३८,७८६ |
|---|---|

२२ **वितरणको भरपाई नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।पालिकाले १२२-२०८१।२।३० बाट मेयरसँग जनता कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि १८० थान ब्लाङ्केट रु.२,५४,२५०/- र जाकेट १५० थान रु.१,५२,५५०/- गरी जम्मा रु.४,०६,८००/- भुक्तानी गरेको छ ।पालिकाले खरिद गरेका सामग्री वितरणको भरपाइ विना खर्च लेखेकोले वितरणको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०६,८०० |

२३ **भुक्तानीमा करकट्टी -**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भाषा शिक्षण तथा विभिन्न तालिम गोष्ठी सेमिनार कार्यक्रमबाट साँस्कृतिक कार्यक्रममा आएका कलाकारहरुलाई भुक्तानी दिएको भनी मेरो कर्णाली र रातो किताब निर्माणका लागि माता त्रिपुरासुन्दरी मिडिया हब प्रा लि लाई रु.२१०००० भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था बमोजिम भुक्तानीमा रु.३१५०० करकट्टी गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५०० |

२४ **पूँजीगत शिर्षक -**

२४.१ **मूल्य अभिवृद्धि करकट्टी** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करार सम्झौताको अन्तर्गत निर्माँण व्यवसायीलाइ भुक्तानी गर्दा भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायीलाई भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रकम कट्टी नगरी भुक्तानी दिएको देखियो ।अतः नियमानुसार कट्टा नगरेको ३० प्रतिशत मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मू.अ.क रकम | ३० % मू.अ.क |
|---|---|---|---|---|---|
| ४-२०८०।६।२७ | न्यू नमस्ते ट्रेडर्स | ३०३८७५२८८ | ३९८९०० | ४५८९१ | १३७६७ |
| ५-२०८०।६।२७ | न्यू नमस्ते ट्रेडर्स | ३०३८७५२८८ | ९७२९९९ | १११९३८ | ३३५८१ |
| ६-२०८०।६।२७ | कृतिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६१००१७४८१ | ९९८३५५ | ११४८५५ | ३४४५६ |
| २०-२०८०।८।१५ | शे फोक्सुण्डो कन्स्ट्रक्सन प्रा.लि | ६०६५५३५६ | ४६६६९० | ५३६९० | १६१०७ |
| ८९-२०८०।१२।२८ | चन्द्र सूर्य निर्माण सेवा अपिगपी ढुवानी सेवा | ३०३९४८४३२ | ६७०३५० | ७९९५० | २३९८५ |
| १०२-२०८१।१।२४ | नेपाल डिजाइन सेल एण्ड इन्जिनियर्स सर्भिस | ६१५८०५९०२ | १७९३९९९ | २०६३८९ | ६१९१६ |
| १०२-२०८१।१।२४ | सुष्टि इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६०७६१७६२५ | १९७७७२७ | २२७५२६ | ६८२६० |
| ८६-२०८१।३।२४ | सजीवन इन्टरनेशनल प्रा.लि | ६१९७१६३४५ | ७६५००० | ९७५०० | २९२५० |
| **जम्मा** | | | | | २८१३२२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८१,३२२ |

२४.२ **बोलपत्र फाइल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार

गरी पञ्जिका सहित अभिलेख राखेको देखिएन । खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था नहुने हुँदा खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटिने फाइल तयार गर्नुपर्दछ ।

२४.३ **समपुरक अनुदान** - कर्णाली प्रदेशको समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ अनुसार आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था बमोजिम ५० प्रतिशत प्रदेश सरकार समपुरक अनुदान र बाँकी रकम नगरपालिकाको श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ ।यस वर्ष नगरपालिकाले संघ र प्रदेश समपुरक अनुदानतर्फ सम्झौता गरी कार्यान्वियन गरेका योजनाहरुको निर्माण कार्यको भुक्तानी अवस्था निम्नानुसार रहेको देखिएकोले उक्त कार्य कार्यविधि अनुकूल देखिएन । संघ तथा प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि अनुसार खर्च लेखाङ्कन हुनुपर्दछ । पालिकाले भुक्तानी रकमको शत प्रतिशत खर्च संघीय तथा प्रदेश बजेटबाट लेखेकोले ५० प्रतिशतले हुने रकम सम्बन्धित सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम | पालिका भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | दागिना स्थित आर्यखोला मोटरबाटो तटबन्धन | २२३२१५३ | १११६०७६ | प्रदेश |
| **जम्मा** | | | १११६०७६ | |

| प्रमाण पेश नगरेको | ११,१६,०७६ |
|---|---|

२४.४ **जल विद्युत योजनामा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई, प्रमाण, कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिका भित्र संचालित २ लघु जलविद्युत आयोजनाको खर्च भुक्तानी गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• पालिकाले खालि छहरा जलविद्युत आयोजनामा कार्यरत कर्मचारीको तलब भत्ताका लागि रु.६,७३,२५०/- र आयोजना मर्मत सम्भारका लागि रु.९,७८,०००/- समेत गरी जम्मा रु.१६,५१,२५०/- भुक्तानी गरिएको ।

• त्यसैगरी छलगाड जलविद्युत आयोजनाको मर्मतका लागि रु.२,६५,५२०/- भुक्तानी भएको ।

• उक्त जलविद्युत आयोजनाहरु मध्ये खालि छहरा जलविद्युत आयोजनाले मर्मत सम्भार खर्च वापत खानेपानी, सिंचाई तथा उर्जा विकास डिभिजनबाट समेत बजेट व्यवस्था भई रु.९,०५,९३०/- भुक्तानी लिएको ।

जलविद्युत आयोजनाहरुले आफ्ना ग्राहकहरुबाट नियमित विद्युत महशुल समेत संकलन गर्दै आईरहेको अवस्थामा तिनिहरु प्राप्त गरेको वा संकलन हुनुपर्ने आय र त्यसको उपयोग समेतलाई विचार नगरी प्रदेश सरकार र पालिकाबाट नियमित खर्च भुक्तानी हुनु उपयुक्त देखिएन । त्यसैले जलविद्युत आयोजनाको आन्तरिक आयको विश्लेषण गरी पालिकाबाट भएको खर्चको आवश्यकता र औचित्य समेत पुष्टि हुने गरी भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ ।

२४.५ **साधन खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) बमोजिम सार्वजनिक निकायले मालसामान खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आ.व २०७९।८० मा एक्साभेटर र यस वर्ष घुम्ती शौचालय खरिद वापत रु.७८९१५७४ भुक्तानी गरेको छ । पालिकाले प्राप्त भइसकेको साधनको स्पेशिफिकेश बमोजिमको प्राविधिक परीक्षण गरेको पाइएन । खरिद भएका साधनको स्पेशिफिकेशन अनुसार खरिद भए नभएको परीक्षण गरी भुक्तानी गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | साधन | सप्लायर्स | खरिद रकम | यस वर्ष भुक्तानी |
|---|---|---|---|---|
| ४६-२०८०।१०।५ | एक्साभेटर | जगदम्वा कन्स्ट्रक्सन सोलुसन्स प्रा लि | ९३९९९९९ | ६८९९९९९ |
| १४६-२०८१।३।१७ | घुम्ती शौचालय | यन्त्र मेकर्स प्रा लि | ९९१५७५ | ९९१५७५ |
| **जम्मा** | | | | **७८९१५७४** |

२४.६ **शिर्षक फरक पारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।पालिकाले खर्च लेख्नुपर्ने शिर्षकमा नलेखि अन्य शिर्षकमा खर्च लेखेको अनियमित देखिएको रु.

| गो.भौ.नं./मिति | विनियोजन बजेट | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| १७-२०८०।८।११ | विपद व्यवस्थाप तथा मर्मत सम्भार कार्यक्रम | साँस्कृतिक महोत्सव तथा तेस्रो मेयर कप | ५००००० |
| ४७-२०८०।१०।८ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | मष्टा मन्दिर दुइ कोठे भवन तथा खानेपानी निर्माण | ५६०००० |
| ८१-२०८०।१२।२८ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | घट्टे खोला देखि तिर्थ स्थल जाने घोरेटो बाटो निर्माण | १९०००० |
| ८२-२०८०।१२।२८ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | गल्नि गाउँ सार्वजनिक धारा निर्माण | १२४५१९ |
| **जम्मा** | | | **१३७४५१९** |

| अनियमित भएको | १३,७४,५१९ |
|---|---|

२४.७ **बीमा नगराएको** – सार्वजनिक खरिद ऐनको खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको स्टान्डर्ड बिड डकुमेन्टमा समेत खरिद संम्झौताको कम्तिमा ११५ प्रतिशत कभर हुनेगरी बिमा गर्नुपर्ने शर्त रहेको छ । पालिकाबाट खरिद गर्ने निर्माण कार्य लगायतका लागत अनुमानमा बीमा आइटम समावेश नगर्ने, समावेश गरेको योजनाको पनि बिल समावेश नगरी भुक्तानी मात्र लिने गरेको तथा निर्माण व्यावसायीले विमा गराएको देखिएन। सार्वजनिक खरिदको परिकल्पना एवं निर्माण कार्यको सुनिश्चितता समेतका लागि निर्माण कार्यको संम्झौता बमोजिम बिमा गराउनु पर्दछ ।

२४.८ **वडाबाट बजेट सशोधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगरपालिकाको बजेट स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको हुने व्यवस्था छ ।नगर कार्यपालिकाबाट स्वीकृत भएको बजेट वडाबाट सशोधन गरी खर्च गरेको पाइयो । ऐन तथा नियमावलीमा भएको व्यवस्था विपरित वडाबाट बजेट सशोधन गरी खर्च गरेको अनियमित देखिएको रु.

| गो.भौ.नं./मिति | विनियोजन बजेट | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| ४४-२०८०।१०।४ | वडा नं. १ को समपुरक अनुदान | कार्यालय सोलार खरिद | २००००० |
| ५१-२०८०।१०।११ | कृषि घेरावार | खालीछरा लघु जलविद्युत आयोजना मर्मत | १५३६०० |
| ६२-२०८०।१०।१६ | कृषि घेरावार | खालीछरा लघु जलविद्युत आयोजना कर्मचारी तलब | १४०००० |
| ६८-२०८०।११।१७ | कृषि घेरावार | जनप्रिय आधारभुत विद्यालयलाई शिक्षक तलब | ७८००० |
| १८२-२०८१।३।२४ | खोपु कुलो निर्माण | खाना खाजाको विल भुक्तानी | १३०७५८ |
| १८४-२०८१।३।२४ | विपद व्यवस्थापन | आ.व २०७८।७९ को रुप देवी देउराली मन्दिर निर्माणको भुक्तानी | १०७२५० |
| **जम्मा** | | | **८०९६०८** |

| | |
|---|---|
| अनियमित भएको | ८,०९,६०८ |

२४.९ **नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न योजना कार्यान्वियनका लागि लागत अनुमान तयार गर्दा सम्बन्धित विभागद्वारा स्वीकृत नर्म्सको आधारमा दररेट विष्लेषण गरी लागत अनुमान तयार गरी कार्य गराउनु पर्नेमा अधिकांश कार्यमा शहरी विकास तथा भवन निर्माण विभाग एवं डोलिडारको नर्म्स प्रयोग गर्ने गरेको देखियो। डोलिडारको नर्म्समा दक्ष र अदक्ष ज्यामीको प्रयोग बढी हुने र सडक, भवन तथा सिंचाईको काममा हुने पिसिसि ढलान, ढल निर्माण र भवनको काममा मेशिनको समेत प्रयोग गरिने हुँदा ज्यामीको संख्या कम लाग्ने हुँदा यस्ता कार्यको लागत अनुमान तयार गर्दा जुन क्षेत्रको निर्माण कार्य गर्ने हो सोहि विभागबाट स्वीकृत नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरी कार्य गराउनु पर्दछ ।

२५ **संघीय सरकार समपूरक तर्फ -**

२५.१ **नगरपालिका सभाकक्ष निर्माण -** पालिकाले ठेक्का नं. TM/ NCB/01/2077.78 सभाहल निर्माणका लागि तामाकोशी जनमूखी जे. भि. हेटौडासँग मिति २०७७/११/०५ मा ठेक्का सम्झौता गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

• सभाहल निर्माणका लागी रु.२,५०,३४,४९३.१७/- मा ठेक्का सम्झौता भएकोमा दोस्रो पटकको म्याद थपबाट सम्झौता अवधि २०८१/५/३० सम्म रहेको ।

• निर्माण व्यवसायीले रु.५०,००,०००/- पेश्की जमानत राखी रु.४८,८०,०००/- पेश्की लगेकोमा सो पेश्की जमानतको म्याद समेत २०८१/५/३० सम्म रहेको ।

• लेखापरीक्षण अवधि सम्ममा निर्माण कार्य सुचारु नभई अलपत्र अवस्थामा रहेको ।

त्यसैले सम्झौता अनुसार यथाशिघ्र निर्माण कार्य अगाडी बढाउन पालिकाले ध्यान दिनुपर्दछ ।

२५.२ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामन आपूर्तिकर्ता वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व(डिफेक्ट लायवबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले नेपाल बंगलादेश बैंकले जारी गरेको रु.७०,००,०००.०० को कार्य सम्पादन जमानत पेश गरेकोमा सो जमानतको

म्याद २०८०/१/२ मा समाप्त भएको छ । साथै प्रचलित कानूनी व्यवस्था अनुसार कार्य सम्पादन जमानत म्याद थप गरी सोको प्रमाण समेत पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००,००० |

२६ **संघीय सरकार विशेष अनुदान-**

**नगर अस्पताल भवन निर्माण -** नगर अस्पताल भवन निर्माणका लागि पालिकाले मिति २०७८/२/२४ मा रेलिगर बुद्ध हिमाली जे. भि. सँग सम्झौता गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् ।

• पालिकाले १५ शैयाको प्राथमिक अस्पताल भवन निर्माणका लागि तयार भएको विस्तृत योजना प्रतिवेदन १५ शैयाको हुनुपर्नेमा प्राविधिक त्रुटी भई ५ शैयाको अनुसारको लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन भएको ।

• ठेक्का सम्झौता पश्चात् निर्माण व्यवसायीलाई रु.६०,००,०००/- मोविलाईजेसन पेश्की भुक्तानी भएको तथा लेखापरीक्षण अवधिमा उक्त जमानतको म्याद समेत समाप्त भएको ।

• उक्त निर्माण कार्य वापत जारी भएको रु.९५,५३,०९०.२६/- को कार्यसम्पादन जमानतको म्याद समेत समाप्त भएको ।

• ठेक्का व्यवस्थापनको कार्य भैसके पछी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वीकृतिका लागि पेश भएको नक्शा पूनरावलोकन भई सोही बमोजिम अगाडी बढाउन निर्देशन प्राप्त भएको ।

• नगरकार्यपालिकाको मिति २०७९/८/१२ को निर्णयानुसार मिति २०७९/८/१३ मा सार्वजनिक सूचना प्रकाशित गरी ठेक्का रद्ध गरिएको । साथै ठेक्का रद्धको अवधि सम्म दोस्रो पक्षबाट निर्माण कार्य शुरु भएको अवस्था समेत देखिदैंन ।

• लेखापरीक्षण अवधिसम्म पनि निर्माण व्यवसायीले लगेको पेश्की रकम फिर्ता माग गर्दा समेत प्राप्त हुन सकेको अवस्था छैन । साथै गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा पेश्की रकम ब्याज सहित असूल गर्ने गरी लगती बेरुजु औंल्याएता पनि उक्त रकम असूल हुन सकेको अवस्था देखिएन ।

त्यसैले निज निर्माण व्यवसायीले लगेको पेश्की रकम ब्याज सहित असूल गरी मन्त्रालयबाट स्वीकृत नक्सा अनुसारको अस्पताल भवन निर्माण कार्य अगाडी बढाउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **सुपानी रङ मोटरबाटो स्तरोन्नती -**

२७.१ **सुपानी रङ मोटरबाटो स्तरोन्नती -** संघीय समपुरक अनुदान कार्यक्रम अन्तर्गत ठे.नं.२-०८०।८१ सुपानी रङ मोटरबाटो स्तरोन्नती कार्यका लागि के एण्ड पि कन्स्ट्रक्सनसँग २०८०११।१४ मा २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.२९,६०,३७६/- को सम्झौता भएकोमा सम्झौता अनुसारको शत प्रतिशत अबधि व्यतित हुँदासम्म ८४-०८१।३।२४ मा रु.१०,०१,९०१/- भुक्तानी भएको देखियो । सो पश्चात सम्झौताको लेखापरीक्षणको अवधिसम्म म्याद थप भएको एवं निर्माण कार्यको भुक्तानी भएको छैन ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.२ **बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले सम्झौतामा तोकिएबमोजिमको बिमा गराउनुपर्ने उल्लेख छ ।पालिकाले ठे.नं.२-०८०/७१ का सुपानी रङ मोटरबाटो स्तरोन्नती कार्यका लागि के एण्ड पि कन्स्ट्रक्सनसँग गरेको सम्झौताको बिल अफ क्वान्टिटीमा बिमाबापत रु.९००००।– व्यवस्था गरेको भएतापनि निर्माण व्यवसायीले सम्झौताको शर्त अनुसार बिमा गराएको देखिएन।सार्वजनिक खरिद नियमावली एवं सम्झौतामा उल्लिखित शर्तको पालना गरी निर्माण कार्य गर्नुपर्दछ ।

२७.३ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामन आपूर्तिकर्ता वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व(डिफेक्ट लायवबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले सुपानी रङ मोटरबाटो स्तरोन्नती कार्यका लागि के एण्ड पि कन्स्ट्रक्सनले पेश गरेको कार्यसम्पादन जमानत २०८१।११।१३ सम्म भएकोमा रु.२४,४२,०००/- को २०८२।४।१५ सम्म कार्यसम्पादन जमानत म्याद हुनुपर्नेमा भएको पाइएन । कानूनले तोकेको समयावधिसम्मको कार्यसम्पादन जमानत पेश भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,४२,००० |

२७.४ **समपुरक अनुदान** - संघीय सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था बमोजिम ५० प्रतिशत रकम संघ र बाँकी रकम नगरपालिकाको श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ । संघीय समपुरक अनुदान सुपानी रङ मोटरबाटो स्तरोन्नती कार्यको लागि रु.१०,०१,९०१/- भुक्तानी गरेकोमा पालिकाले व्यहोर्ने ५० प्रतिशतले हुने रु.५,००,९५०/- खर्च लेख्नुपर्नेमा लेखेको पाइएन । पालिकाले भुक्तानी रकमको शत प्रतिशत खर्च संघीय बजेटबाट लेखेकोले ५० प्रतिशतले हुने रु.५,००,९५०/- संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,९५० |

२७.५ **म्याद थप बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइका कारण सम्झौता बमोजिमको कार्य सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ ।ठेक्का नं.०२-०८०।८१ सुपानी रङ मोटरबाटो स्तरोन्नती कार्यका लागि निर्माण व्यवसायी के एण्ड पि कन्सट्रक्सनसँग २०८०।११।१४ मा २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.२९,६०,३७६/- को सम्झौता भएकोमा निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन सकेको देखिएन। निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिएको देखिएन।पालिकाले गो.भौ.नं. ८४-२०८१।३।२४ बाट रु.१०,०१,९०१/- भुक्तानी गरेको देखियो ।पालिकाले म्याद थप वेगर भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावलीको नियम १२१ को व्यवस्थानुसार प्रतिदिन ०.०५ प्रतिशतका दरले ९ दिनको पूर्वनिर्धारित क्षतिपूर्तिबापतको रकम कट्टा गरी भुक्तानी दिएको नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३२१ |

२८ **नगरपालिका प्रशासकीय भवन -**

२८.१ **नगरपालिका प्रशासकीय भवन** - ठे.नं.०२-७७।७८ नगरपालिका प्रशासकीय भवन निर्माण कार्यका लागि कुशेश्वर।जिनिव जे.भीसँग २०७७।१२।१२ मा २०७८।५।१२ भित्र कार्य सम्पन्न गर्ने गरी रु.२,३९,०७,१५२/- मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२८.२ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामन आपूर्तिकर्ता वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व(डिफेक्ट लायवबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले प्रशासकीय भवन निर्माण कार्यका लागि कुशेश्वर।जिनिवले पेश गरेको कार्यसम्पादन जमानत २०८०।६।५ भएकोमा कार्यसम्पन्न प्रतिवेदन २०८१।३।१९ मा पेश गरेकोले २०८२।४।१९ सम्म रु.३७,७८,७६४/- को कार्यसम्पादन जमानत म्याद हुनुपर्नेमा भएको पाइएन ।कानूनले तोकेको समयावधिसम्को कार्यसम्पादन जमानत पेश भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,७८,७६४ |

२८.३ **म्याद थप बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।ठेक्का नं.०२-०७७।७८ प्रशासकीय भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी कुशेश्वर।जिनिवसँग २०७७।१२।१२ मा २०७८।५।१२ भित्र कार्य सम्पन्न गर्ने गरी रु.१,३३,०८,९४१/- को सम्झौता भएकोमा निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन सकेको देखिएन। निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन नदिएको तथा पालिकाले म्याद थप विना भुक्तानी गरेको देखियो । पालिकाले म्याद थप विना यस वर्ष रु.४३,१४,३१५/- भुक्तानी गरेको छ । पालिकाले म्याद थप विना निर्माण व्यवसायीलाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,१४,३१५ |

२८.४ **मुल्यांकन भन्दा कम काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माणको अन्तिम विल भुक्तानी गर्दा प्राविधिक विलमा उल्लेखित काम भन्दा वास्तविक काम कम भएको पाइयो । प्राविधिक मुल्यांकन भन्दा कम कामको भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| **क्र.स** | **काम** | **जम्मा काम** | **भएको काम** | **बढी परिमाण** | **दर** | **मु.अ कर सहित रकम** |
|---|---|---|---|---|---|---|
| १ | Railing | १२०.५ | ८२.७ | ३७.८ | ७१० | ३०३२७ |
| २ | Penthouse | १५४.६८ | १४१.६ | १३.०८ | १४९.६४ | २२१२ |
| ३ | Door | ७८.८४ | ७४.५२ | ४.३२ | ४०० | १९५३ |
| ४ | Grill | ३०८.७ | २६१.९ | ४६.८० | १६० | ८४६२ |
| **जम्मा** | | | | | | **४२९५४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,९५४ |

२९ **ग्याँस चुलो वितरण** -

२९.१ **ग्याँस चुलो खरिद तथा वितरण** - नगरपालिकाले वडा नं. ३ का लागि एक घर एक ग्याँस चुलो खरिद तथा ढुवानीका लागि भौचर नं. ८७-२०८०।१२।२८ मा चन्द्र सूर्य निर्माण सेवा अपिगपी ढुवानी सेवा मार्फत ९० थान ग्यास चुलो, सिलिण्डर लगायतका सामग्री रु.६,७०,३५०/- भुक्तानीमा देखिएका व्यहोरा निम्नानुसार छन्

२९.२ **खरिदमा ओभरहेड**- सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको हकमा मात्र १५ प्रतिशत ओभरहेड राख्न पाउने उल्लेख छ । यस व्यवस्था अनसार मालसामान खरिदमा ओभरहेड राख्न मिल्ने कानूनी व्यवस्था देँखिदैन ।पालिकाले एक घर एक ग्यास चुलो खरिद तथा ढुवानीमा सप्लायर्सलाई ओभरहेड भुक्तानी गरेको देखियो । नियमानुसार भुक्तानी दिन नमिल्ने रु.१३,२५२/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२५२ |

२९.३ **वितरणको भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।खरिद भएका ग्याँस चुलो थानको वितरणका

लागि स्पष्ट मापदण्ड नभएको, प्राप्त गर्नेका नागरिकता समेत पेश नभएको तथा ९० थान खरिद गरेकोमा २ थान वितरण नगरेको देखियो ।पालिकाले विगत वर्षमा ग्याँस चुलो वितरणका लागि वडा नं. ३ मा रु.११,५१,२४४/- खर्च गरेको देखिन्छ । विगत वर्षमा समेत ग्याँस चुलो वितरण भएकोमा यस वर्ष सम्बन्धित लाभग्राहीले पाए नपाएको एकिन गर्न नसकिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७०,३५० |

३० **आन्तरिक लेखापरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण गर्नु अगावै फछ्र्योट गराउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका र यस प्रतवेदनका अन्य दफाहरुमा समावेश नभएका उल्लेख्य व्यहोराहरु मात्र समावेश गरिएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भई फर्छ्यौट हुन बाँकी देहायको बेरुजु असूल फछ्र्यौटको कारबाही गर्नुपर्ने रु.

| क्र स | भौ.नं. मिति | बेरुजुको संक्षिप्त व्यहोराहरु | रकम |
|---|---|---|---|
| १ | ५२०-२०८१।३।१० | संघीय सरकारवाट हस्तान्तरित कार्यक्रममा सहभागीहरुले १५ प्रतिशत पारिश्रमिक कर कट्टी गर्दा रु.४४२५० कट्टी गर्नुपर्नेमा रु.२४५०० गरेको देखियो । कार्यक्रममा सहभागीहरुले वाँकी रकम असुल रु. | १९७५० |
| २ | २३५-२०८०।१०।०५ | नगरपालिकाले मनकुमारी हमाल लाइ घरभाडा भुक्तानी गर्दा १० प्रतिशत करकट्टी गर्नुपर्नेमा २.५ प्रतिशत करकट्टी गरेको पाइयो। कम करकट्टी रकम असुल गर्नुपर्ने रु. | ५५१३ |
| ३ | ३३७-२०८०।११।२३ | मेयर जनचन्द्र रोकायले विद्युत महशुल वापत रकम रु.७३००० लिएकोमा रु.११७१५ को विल भरपाई नपाइएकोले विल पेश हुनुपर्ने अन्यथा असुलगर्नुपर्ने रु. | ११७१५ |
| ४ | ६०५-२०८१।०३।१९ | पालिकाले घरधनी तुल वहादुर बोहोरालाई घरभाडा रकम रु.१०२५०० भुत्तानी दिदा १० प्रतिशत करकट्टी नगरेकोले असुल गर्नुपर्ने रु. | १०२५० |
| ५ | ६४१-२०८१।३।२१ | श्रृष्टी चमेना गृहलाई विल रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी नगरेकोले करकट्टी गरी दाखिला गर्नुपर्ने रु. | ३०८१ |
| ६ | १२२-२०८१।२।३० | धन रोकाय मिति २०८१।१।१ गते देखि ७ गतेसम्म ११ वडामा डाटा संकलन गर्न गएको भ्रमण आदेश देखिएता पनि अफिसमा नै हाजिर भएको पाइयो ।त्यसैले त्यो रकम असुलगर्नुपर्ने रु. | ७००० |
| | | **जम्मा** | ५७३०९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,३०९ |

३१ **पेश्की बाँकी -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यत्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति फर्म र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको रु.६,२५,८८८/- पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्यौट गर्नुपर्ने रु.

| गो.भौं.नं.।मिति | पेश्की लिनेको विवरण | पेश्कीको विवरण | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| २२६।२०८०।१०।०४ | उप प्रमुख देवी घर्ती | जनप्रतिनिधि अनुगमन तथा भ्रमण | ४५००० | ० | ४५००० |
| ४०२।२०८०।१२।२७ | सहायक पाचौ दिपेन्द्र बडुवाल | मसलन्द्र तथा कार्यालय सामाग्री | ५०००० | ० | ५०००० |
| ७९।२०८०।०८।१२ | कार्यालय सहायक बिश्वरुप वुढा | मसलन्द्र तथा कार्यालय सामाग्री | १५०००० | ० | १५०००० |
| ४०८।२०८०।०८।२८ | सहलेखापाल रुपचन्द्र बढा | सवारी साधन मर्मत | ८०००० | ० | ८०००० |
| २२२।२०८०।०१।०३ | श्री प्रकाश आधारभुत विद्यालय | श्री प्रकाश आवि व्यवस्थापन खर्च | १७१००० | ० | १७१००० |
| ५४।२०८०।१०।१४ | ल्हाँ गाउँबाट देउराली थान सम्म घोरेटो बाटो निर्माण<br>उपभोत्ता समिति | ल्हाँ गाउँबाट देउराली थान सम्म घोरेटो बाटो निर्माण | १२९८८८ | ० | १२९८८८ |
| **जम्मा** | | | ६२५८८८ | ० | ६२५८८८ |

| | |
|---|---|
| पेश्की | ६,२५,८८८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा , त्रिपुरासुन्दरी नगरपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जग्दिश चन्द्र नेपाली | २०७९-११-२१ | २०८१-१-२६ |
| कार्यालय प्रमुख | हिराचन्द्र धराला | २०८१-१-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हिरालाल के.सी. | २०७८-८-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७६,६१८ | ९,२२२,४४२ | २३,८९०,४९५ | ० | ० | ६२५,८८८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३५,६१५,४४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २०५,८८५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३५,४०९,५५८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५७७४६१९.६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३२५२७५५३.४८ | **चालु खर्च** | ३३६११२१०१.१५ |
| **प्रदेश सरकारबाट अनुदान** | ५००३२४००.६३ | **पूँजीगत खर्च** | १२४९५९०३४.६३ |
| **राजश्व बाँडफाँट** | ६७१७०६८२.६६ | **वित्तीय/अन्य व्यवस्था** | ४७२४४६८८.२७ |
| **आन्तरिक आय** | ५७१५८७९.० | | |
| **अन्य आय** | ५०२३००७०.५६ | | |
| **कुल आय** | ५०५६७६५८६.३३ | **कुल खर्च** | ५०८३१५८२४.०५ |
| **बाँकी मौज्दात** | | ३१३५३८१.९३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनाले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गरिनु पर्दछ ।
- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।